# नेपाली व्याकरण शिक्षण गर्दा अपनाइएका कार्यकलापहरूको अध्ययन

https://doi.org/10.3126/tej.v11i1.54443

ईश्वर चौहान

ishwor.chauhan@gc.tu.edu.np

**Article History**

| Received | Revised | Accepted |
|---|---|---|
| 20th December, 2022 | 22nd January, 2023 | 5th February, 2023 |

## लेखसार

प्रस्तुत आलेख व्याकरण शिक्षण गर्दा अपनाइएका कार्यकलापहरूको अध्ययनमा केन्द्रित छ । अध्ययनलाई पूर्णता प्रदान गर्न कक्षा ६ को पाठ्यक्रमले निर्देश गरेका व्याकरणका क्षेत्रलाई आधार बनाई सम्बन्धित शिक्षकहरूबाट तथ्य सङ्कलन र विश्लेषण गरिएको छ । यसरी अध्ययनलाई अगाडि बढाउन सामग्री सङ्कलनका विधिको रूपमा क्षेत्रीय अध्ययन विधि उपयोग गरिएको छ भने सामग्री विश्लेषण विधिको रूपमा वर्णनात्मक एवं विश्लेषणात्मक विधि अवलम्बन गरिएको छ । अध्ययन समग्रतामा व्याकरण शिक्षण गर्दा अधिकांश शिक्षकहरूले निगमनात्मक पद्धतिकेन्द्रित कार्यकलापहरूको प्रयोग गरेको तथ्यबाट पुष्टि हुन्छ । कतिपय कार्यकलापहरू विद्यार्थीको शैक्षणिक तथा मनोवैज्ञानिक स्तरभन्दा कठिन रहेका छन् । कक्षा अवलोकन र प्रश्न प्रतिक्रियाका आधारमा यी कठिन कार्यकलाप सञ्चालन गर्न शिक्षक प्रयत्नशील भएपनि परिणाम अपेक्षाअनुसार नआउने देखिन्छ । व्याकरणको आधारभूत अवधारणा शिक्षण गर्नुपर्ने कक्षा ६ का विद्यार्थीहरूलाई स्तरअनुसार थप कार्यकलापमा आवृत्त गराउन भाषा पाठ्यपुस्तक विधि तथा भाषा संसर्ग विधिअनुरूप समुचित कार्यकलापहरू प्रयोग प्रयत्न आवश्यक छ । यद्यपि व्याकरणको क्षेत्रगत वैशिष्ट्यता अध्ययन गरी आगमनात्मक पद्धतिअनुसार कार्यकलाप निर्धारण र प्रयोग अभ्यास गर्नु गराउनु आवश्यक रहेको छ । वस्तुतः शिक्षकहरूमा व्याकरण शिक्षणप्रति रहेको रूचि र तत्परताले उचित कार्यकलाप व्यवस्थापन तथा प्रशासन गर्न सक्षम रहेका छन् ।

**मुख्य शब्दावली :** भाषा संसर्ग, सङ्कथनात्मक, प्रासङ्गिक, नियमीकरण, व्युत्पत्ति ।

## विषय प्रवेश

प्रस्तुत अध्ययनमा नेपाली व्याकरण र व्याकरण शिक्षणमा अपनाइएका कार्यकलापहरू दुई शोध्य विषय रहेका छन् । यसर्थ कक्षा ६ को नेपाली भाषा पाठ्यक्रमले निर्देश गरेका व्याकरणका क्षेत्र केन्द्रित परीक्षणबाट प्राप्त प्रतिक्रियाको विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा काल र पक्ष, भाव र अर्थ, शब्दवर्ग, कारक र विभक्ति, लेख्यचिन्ह, वर्णविन्यास, शब्दभण्डार, पदसङ्गति तथा वाक्य जस्ता विशिष्ट क्षेत्रका कार्यकलापहरूको प्रयोग अवस्था परीक्षण गरिएको छ ।

वास्तवमा भाषाको शुद्ध र व्यवस्थित प्रयोग गर्ने नियमहरूको निरूपण गर्ने शास्त्र व्याकरण हो । नेपाली भाषाको व्याकरण र विकासशील अवस्थालाई हेर्दा भाषा र व्याकरणको संयुक्त अस्तित्व स्वीकार्नुपर्ने हुन्छ । भाषा शिक्षण गर्नु भनेको भाषाका बोध र अभिव्यक्ति पक्षका सीपहरूको शिक्षण गर्नु हो । भाषिक सीप अर्थात् कलाका रूपमा नेपाली शिक्षण गर्दा त्यति सहजता भने छैन । यसर्थ भाषिक सीपको शिक्षणका साथमा भाषालाई शिष्ट र व्यवस्थित बनाउन व्याकरण शिक्षण अनिवार्य छ । यसर्थ व्याकरण शिक्षणका प्रचलित निगमन विधि, आगमन विधि, भाषा संसर्ग विधि तथा भाषा पाठ्यपुस्तक विधि अनुरूप उचित कार्यकलापहरू सञ्चालन गरी व्याकरण शिक्षण गर्नु वाञ्छनीय हुन्छ । यही सैद्धान्तिक पृष्ठभूमिमा केन्द्रित भई अध्ययनलाई पूर्णता दिइएको छ ।

समग्रमा व्याकरण शिक्षणमा अपनाइएका कार्यकलापहरूको अध्ययन गर्दा अधिकांश शिक्षकहरूले निगमनात्मक पद्धतिकेन्द्रित कार्यकलापहरूको प्रयोग गरेको पाइन्छ । यस विधिका अलावा भाषा पाठ्यपुस्तक विधि तथा भाषा संसर्ग विधिअनुरूप कार्यकलापहरू निर्धारण र प्रयोग गरेको पाइन्छ । शिक्षकहरूले अवलम्बन गरेका कतिपय

कार्यकलापहरू विद्यार्थीको शैक्षणिक तथा मनोवैज्ञानिक स्तर भन्दा कठिन रहेका छन् । यस्ता कठिन कार्यकलाप सञ्चालन गर्न शिक्षक प्रयत्नशील भएपनि परिणाम अपेक्षाअनुसार नआउने देखिन्छ । व्याकरणको आधारभूत अवधारणा शिक्षण गर्नुपर्ने कक्षा ६ का विद्यार्थीहरूलाई स्तरअनुसार थप कार्यकलापमा आवृत्त गराउन आश्यक छ । साथै व्याकरणको क्षेत्रगत वैशिष्ट्यता अध्ययन गरी आगमनात्मक पद्धतिअनुसार कार्यकलाप निर्धारण र प्रयोग अभ्यास गर्नु पनि अपरिहार्य छ ।

## अध्ययनको उद्देश्य

प्रस्तुत अध्ययनका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

- नेपाली व्याकरण शिक्षण गर्दा अपनाइएका विधिहरूको पहिचान गर्नु,
- नेपाली व्याकरण शिक्षण गर्दा अपनाइएका कार्यकलापहरूको अध्ययन गर्नु ।

## अध्ययन विधि

यस आलेखलाई पूर्णता प्रदान गर्न सामग्री सङ्कलनका विधिको रूपमा क्षेत्रीय अध्ययन विधि उपयोग गरिएको छ भने सामग्री विश्लेषण विधिको रूपमा वर्णनात्मक एवम् विश्लेषणात्मक विधि अवलम्बन गरिएको छ । अध्ययनका क्रममा नेपाली व्याकरण शिक्षण गर्ने शिक्षकहरूलाई जनसङ्ख्या मानी जसमध्ये काठमाडौं जिल्लाका कक्षा ६ मा व्याकरण शिक्षण गर्ने १० विद्यालयका जम्मा १० जना शिक्षकहरूलाई नमुना जनसङ्ख्या मानी तथ्य सङ्कलन गरिएको छ । प्रश्नावली र अवलोकन फारामलाई सामग्री सङ्कलनको औजारको रूपमा प्रयोग गरिएको छ । औजार निर्माण गर्दा कक्षा ६ को पाठ्यक्रमले निर्देश गरेका व्याकरण शिक्षणका क्षेत्र र क्षेत्रगत कार्यकलाप समेटिने गरी आधारहरू तय गरिएको छ । यसरी निर्मित परीक्षण प्रशासन पश्चात् प्राप्त तथ्यको प्रतिशत निर्धारण गरी तालिकीकरण साथ व्याख्या तथा विश्लेषण गरी सामान्यीकृत निष्कर्ष प्रदान गरिएको छ ।

## अध्ययनको सैद्धान्तिक स्वरूप

### व्याकरणको परिचय

मानव समुदायमा सम्प्रेषणको कार्य गर्ने यादृच्छिक र परम्परित वाक्यप्रतीकहरूको व्यवस्थालाई भाषा भनिन्छ (शर्मा र लुइँटेल, २०६४ पृ. २) । यसरी भाषिक व्यवस्थाभित्र व्याकरणिक व्यवस्था अन्तर्निहित हुने भएकाले स्तरयुक्त र उपयुक्त रूपमा सम्प्रेषणीय भाषाको प्रयोग गर्ने विशिष्ट व्यवस्था व्याकरण हो । प्रयोगात्मक नेपाली वृहत शब्दकोशअनुसार भाषाका वर्ण, रूप, शब्द, वाक्य आदिमा अन्तर्निहित व्यवस्थासाथै भाषाको व्यवस्थाभित्र रहेका नियमहरूको उदाहरण सहित वर्णन तथा व्याख्या भएको पुस्तक नै व्याकरण हो ।

परम्परागत मान्यताअनुसार शुद्ध लेख्न र बोल्न सिकाउने विधालाई व्याकरण भनिन्छ । यस दृष्टिले व्याकरणको शिक्षणबाट विद्यार्थीमा हुने भाषा प्रयोगको अशुद्धिलाई निर्मूल पार्न सकिन्छ (शर्मा र पौडेल, २०६० पृ. १५३) । यसर्थ व्याकरणको औपचारिक शिक्षण गरिनुपर्ने परम्परागत धारणाअनुसार व्याकरणको ज्ञान प्राप्तिपछि भाषा स्वतः सिकिन्छ भन्ने दृष्टिकोण र मान्यता रहेको स्पष्ट हुन्छ ।

नेपाली भाषाको व्याकरण र विकासशील अवस्थालाई हेर्दा भाषा र व्याकरणको संयुक्त अस्तित्व स्वीकार्नुपर्ने हुन्छ । भाषा शिक्षण गर्नु भनेको भाषाका बोध र अभिव्यक्ति पक्षका चार सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) को शिक्षण गर्नु हो । भाषिक सीप अर्थात् कलाका रूपमा नेपाली शिक्षण गर्दा त्यति सहजता भने छैन । यसर्थ भाषिक सीपको शिक्षणका साथमा भाषालाई शिष्ट र व्यवस्थित बनाउन व्याकरण शिक्षण अनिवार्य छ ।

## व्याकरण शिक्षणका विधिहरू

व्याकरण शिक्षणका सर्वमान्य विधिहरू निम्नानुसार उल्लेख गरिएको छ :

### निगमन विधि

नियमीकरण, उदाहरणीकरण,प्रयोग र अभ्यासका क्रममा निर्देशित व्याकरण शिक्षण विधि नै निगमन विधि हो । नियम, सूत्र वा सिद्धान्तमा गमन गर्ने वा हिँड्ने हुनाले नै यसलाई निगमन विधि भनिएको हो (शर्मा र पौडेल, २०६०, पृ. १९३) । यस विधिमा पूर्वस्थापित अवधारणा, पूर्वकल्पना सिद्धान्त तथा नियमहरूको पुष्टीकरण, स्पष्टीकरण, व्याख्या, पुनर्व्याख्या, उदाहरणीकरण, परीक्षण, प्रयोग आदि गरिन्छ (अधिकारी, २०६३, पृ. ६१) । शिक्षक केन्द्रित विधिका रूपमा रहेको यस विधिले भाषा र व्याकरणलाई अलग राखेर शिक्षण गर्दछ । यसर्थ सैद्धान्तिक पक्षलाई महत्व दिने परम्परागत विधि नै निगमन विधि हो ।

### आगमन विधि

निगमन विधिको ठिक विपरीत उदाहरणीकरण, स्पष्टीकरण, नियमीकरण, अभ्यास र आवृत्तिको क्रममा व्याकरण शिक्षण गर्ने अधुनिक विधिलाई आगमन विधि भनिन्छ (शर्मा र पौडेल, २०६०, पृ. १९५) । आगमनात्मक विधिलाई संरचनावादी भाषावैज्ञानिकहरू विशेष महत्व दिन्छन् । .... यसले भाषालाई बौद्धिक विषय नमानेर प्रयोगगत विषयबाट आत्मसात् तथा अभ्यस्त हुने विषयका रूपमा लिन्छ (अधिकारी, २०६०, पृ. ६२) । समग्रमा आगमनात्मक विधिअनुसार उदाहरणबाट सिद्धान्तको प्रतिपादन गरिन्छ । यो मनोवैज्ञानिक प्रकृतिको विद्यार्थीकेन्द्रित विधि हो । यस विधिमा भाषाभित्रबाटै व्याकरणका नियमहरूको प्रयोग अभ्यास गराइन्छ ।

### भाषा संसर्ग विधि

भाषा संसर्ग विधि र प्रत्यक्ष विधिको संयुक्त मिश्रणबाट यो विधि तयार भएको देखिन्छ । यो विधि विशेषगरी प्राथमिक तह र दोस्रो भाषा सिक्ने विद्यार्थीहरूका लागि व्याकरण शिक्षण गर्न उपयुक्त मानिन्छ । ... भाषा र व्याकरणलाई बिल्कुलै अभिन्न ठान्ने यस विधिले व्याकरणको औपचारिक र पहिचानात्मक सिकाइलाई पटक्कै विश्वास गर्दैन । यसले लक्ष्य भाषाको प्रत्यक्ष संसर्ग र प्रयोगका सन्दर्भबाट व्याकरणिक सचेतताको विकास गर्ने कुरामै मूलतः ध्यान केन्द्रित गर्दछ (शर्मा र पौडेल, २०६०, पृ. १९६) । यस विधिले व्याकरणको शुद्ध, स्तरीय र शिष्ट प्रयोगलाई बढी महत्व दिन्छ । सिकारूहरू जति स्तरीय भाषिक संसर्ग प्राप्त गर्दछन् सोही अनुसार व्याकरणसम्त् भाषाको प्रयोग गर्दछन् ।

### भाषा पाठ्यपुस्तक विधि

भाषा पाठ्यपुस्कका पाठ वा विधागत प्रयोग प्रसङ्गका आधारमा व्याकरण शिक्षण गर्ने विधिलाई भाषा पाठ्यपुस्तक विधि भनिन्छ र यसलाई आगमन र प्रत्यक्ष भाषा विधिको सम्मिश्रित विधि पनि भनिन्छ (शर्मा र पौडेल, २०६० पृ. १९७) । यसले भाषा र व्याकरणलाई अभिन्न छन् भन्ने दृष्टिकोण राख्दछ । यस विधिले परम्परागत क्रमिक रूपमा व्याकरण सिकाउन भन्दा पनि सङ्कथनात्मक अंशबाट व्याकरणिक पक्षको खोजी र अभ्यासमा जोड दिन्छ ।

### कक्षा ६ मा व्याकरण शिक्षणका क्षेत्र र प्रमुख कार्यकलापहरू

कक्षा ६ को पाठ्यक्रमले निर्देश गरेअनुसार व्याकरण शिक्षणका क्षेत्रहरू र ती क्षेत्रसम्बन्धित कार्यकलापलाई निम्नानुसार वर्गीकरण गरिएको छ :

| क्षेत्र | कार्यकलापहरू |
|---|---|
| काल र पक्ष | नियम र परिभाषा, पहिचान र प्रयोग, निर्देशित र स्वतन्त्र रचना, वाक्य परिवर्तन |
| भाव वा अर्थ | परिभाषा, प्रकार र उदाहरण, भाव पहिचान, भाव परिवर्तन, |
| शब्दवर्ग | प्रकार र परिचय, शब्द पहिचान र वर्गीकरण, व्युत्पत्ति प्रक्रिया र वर्गीकण, अर्थ पहिचान र प्रयोग |

| | |
|---|---|
| कारक र विभक्ति | कारक र विभक्तिको परिभाषा तथा सम्बन्ध, पहिचान र प्रयोग, वाक्य निर्माण र कारकीय भूमिका स्थापना |
| लेख्यचिन्ह | सङ्कथन निर्माण र लेख्यचिन्हको समुचित प्रयोग, पाठमा निहित लेख्यचिन्ह पहिचान, श्रुतिलेखन र चिन्ह प्रयोग |
| वर्णविन्यास | अनुलेखन, श्रुतिलेखन र शुद्धीकरण, त्रुटि क्षेत्र पहिचान र छलफल, नियम र प्रयोग अभ्यास |
| शब्दभण्डार | शब्दभण्डारको परिचय र क्षेत्र निर्धारण, स्वतन्त्र र सृजनात्मक लेखन, प्रासङ्गिक व्याख्या, प्रयोग अभ्यास |
| पदसङ्गति | नियम र परिभाषा, पहिचान र प्रयोग, लेखन अभ्यास र शुद्धीकरण, व्याकरणिक कोटिअनुरूप वाक्य निर्माण अभ्यास |
| वाक्य | परिभाषा र उदाहरण, वाक्य पहिचान, वाक्य परिवर्तन प्रयोग अभ्यास, वाक्य ढाँचा अनुरूप अनुच्छेद लेखन |

**(पाविके, २०६४) ।**

## व्याकरण शिक्षण गर्दा अपनाइएका कार्यकलापहरूको विश्लेषण

प्रस्तुत अध्ययनमा काठमाडौं जिल्लाका १० वटा विद्यालयहरूमा नेपाली व्याकरण शिक्षण गर्ने कक्षा ६ का १० जना शिक्षकहरूलाई नमुना जनसङ्ख्या मानी तथ्य सङ्कलन गरिएको छ । उक्त समूहमा प्रश्नावली र कक्षा अवलोकन फारमको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । शिक्षकहरूबाट प्राप्त व्याकरणको क्षेत्र र कार्यकलापमा केन्द्रित तथ्याङ्कलाई विश्लेषका लागि प्रतिशतमा रूपान्तरण गरी निम्नानुसार विश्लेषण गरिएको छ :

## काल र पक्ष शिक्षणका कार्यकलापहरू

नेपाली व्याकरण शिक्षण गर्ने शिक्षकहरूले काल र पक्ष शिक्षणका क्रममा अपनाइएका कार्यकलापहरूको अवस्थालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

| कार्यकलापहरू | प्रयोग अवस्था |
|---|---|
| परिभाषा र नियम बताइदिने | ३१.०३ % |
| पहिचान र प्रयोग | २७.५८ % |
| निर्देशित र स्वतन्त्र रचना | १७.२४ % |
| वाक्य परिवर्तन | २४.१३ % |

प्रस्तुत तथ्याङ्क कक्षा ६ मा व्याकरण शिक्षण गर्ने शिक्षकहरूले काल र पक्ष शिक्षण गर्दा अपनाउने कार्यकलापमा केन्द्रित छ । पाठ्यक्रमले निर्देशित कार्यकलाप केन्द्रित गरिएको परीक्षणका आधारमा प्राप्त प्रतिक्रियालाई हेर्दा परिभाषा र नियम बताइदिने ३१.०३ प्रतिशत, काल र पक्ष पहिचान र प्रयोग २७.५८ प्रतिशत, निर्देशित र स्वतन्त्र रचना निर्माण १७.२४ प्रतिशत तथा वाक्य परिवर्तन २४.१३ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । यस तथ्यले काल र पक्ष शिक्षणको परम्परागत निगमनात्मक पद्धतिको प्रयोग अभ्यास धेरै रहेको प्रमाणित हुन्छ । यद्यपि व्याकरण शिक्षणका नवीन विधि र पद्धतिअनुरूप कार्यकलाप पनि अवलम्बन गर्ने गरिएको भने पाइन्छ । काल र पक्ष पहिचान, वाक्य परिवर्तन तथा स्वतन्त्र र निर्देशित रचना अभ्यासका कार्यकलाप सञ्चालनमा विशेष महत्व दिनुले नेपाली व्याकरण शिक्षण गर्ने शिक्षकहरूको सक्षमता अभिवृद्धि भएको प्रष्ट हुन्छ ।

### भाव वा अर्थ शिक्षणका कार्यकलापहरू

नेपाली व्याकरण शिक्षण गर्ने शिक्षकहरूले भाव वा अर्थ शिक्षणका क्रममा अपनाइएका तथा अपनाउने कार्यकलापहरूको अवस्थालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

| कार्यकलापहरू | प्रयोग अवस्था |
|---|---|
| परिचय वा परिभाषा | ४३.४७ % |
| प्रकार र उदाहरण प्रस्तुत | १७.३९ % |
| भाव पहिचान | २१.७३ % |
| भाव परिवर्तन | १७.३९ % |

प्रस्तुत भाव शिक्षणमा अपनाइने कार्यकलापसम्बन्धी परीक्षणबाट प्राप्त तथ्यलाई हेर्दा परिचय र परिभाषा प्रस्तुत गर्ने ४३.४७ प्रतिशत, प्रकार र उदाहरण दिएर धारणा स्पष्ट पार्ने १७.३९ प्रतिशत तथा भाव पहिचान र परिवर्तनको प्रयोग अभ्यास गराउने क्रमशः २१.७३ र १७.३९ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । यस तथ्यले व्याकरण शिक्षणको क्रममा भावशिक्षणमा परिचय र परिभाषा दिने कार्यकलापलाई नै बढी महत्व दिएको देखिन्छ । भावको प्रकारगत उदाहरण तथा भाव पहिचान र परिवर्तन गर्ने कार्यकलापलाई भाषा पाठ्यपुस्तक विधिका आधारमा थप कार्यकलाप निर्धारण र अभ्यास गराउनु आवश्यक देखिन्छ । यद्यपि भाव शिक्षणका क्रममा उदाहरण प्रस्तुत गर्नु, भाव पहिचान र परिवर्तनका अभ्यास गराउनु उपयुक्त कार्यकलाप नै हुन् । यसले नेपाली व्याकरण शिक्षण गर्ने शिक्षकहरूमा अपेक्षित सुधार रहेको देखिन्छ ।

### शब्दवर्ग शिक्षणका कार्यकलापहरू

नेपाली व्याकरण शिक्षण गर्ने शिक्षकहरूले शब्दवर्ग शिक्षणका क्रममा अपनाइएका तथा अपनाउने कार्यकलापहरूको अवस्थालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

| कार्यकलापहरू | प्रयोग अवस्था |
|---|---|
| प्रकार र परिचय | ३२.२३ % |
| शब्दवर्ग पहिचान र वर्गीकरण | २८.३२ % |
| व्युत्पत्ति प्रक्रिया र वर्ग निर्धारण | २३ % |
| अर्थ पहिचान र प्रयोग | १६.४५ % |

प्रस्तुत शब्दवर्ग शिक्षणका क्रममा अपनाइने कार्यकलापसम्बन्धी परीक्षणबाट प्राप्त तथ्याङ्कलाई हेर्दा क्रमशः प्रकार र परिचय दिने ३२.२३ प्रतिशत, शब्दवर्ग पहिचान र वर्गीकरण २८.३२ प्रतिशत, व्युत्पत्ति प्रक्रिया र वर्ग निर्धारण २३ प्रतिशत तथा अर्थ पहिचान र प्रयोगमा १६.४५ प्रतिशत कार्यकलापहरू अपनाइएको पाइन्छ । समग्रमा शब्दवर्गका क्षेत्र वा प्रकारगत परिचयलाई बढी महत्त्व तथा अर्थ पहिचान र प्रयोगलाई कम महत्त्व दिएको पाइन्छ । शब्दवर्ग पहिचान र वर्गीकरण तथा व्युत्पत्ति प्रक्रिया र वर्ग निर्धारणलाई प्राथमिकताका साथ प्रयोग गरिएको पाइयो । व्युत्पत्ति प्रक्रिया र वर्ग निर्धारण तहको कार्यकलाप शब्दवर्ग शिक्षणमा २३ प्रतिशत अपनाउनुले शिक्षकहरूमा व्याकरणिक सुझ वृद्धि भएको प्रष्ट देखिन्छ ।

### कारक र विभक्ति शिक्षणका कार्यकलापहरू

नेपाली व्याकरण शिक्षण गर्ने शिक्षकहरूले कारक र विभक्ति शिक्षणका क्रममा अपनाइएका तथा अपनाउने कार्यकलापहरूको अवस्थालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

| कार्यकलापहरू | प्रयोग अवस्था |
|---|---|
| कारक र विभक्तिको परिचय र प्रकार | ३४.४८ % |

| | |
|---|---|
| कारक र विभक्तिको सम्बन्ध | १०.३४ % |
| कारक पहिचान र प्रयोग | ३१.०३ % |
| वाक्य निर्माण र कारकीय भूमिका स्थापना | २४.१३ % |

प्रस्तुत तालिकामा कारक र विभक्ति शिक्षणमा अपनाइएका कार्यकलापहरूको प्रयोग अवस्था तथ्याङ्कीय रूपमा दिइएको छ। विशेषगरी कक्षा ६ को पाठ्यक्रमले निर्देश गरेका कार्यकलापका क्षेत्रअनुसार गरिएको परीक्षणका आधार मा क्रमश : कारक र विभक्तिको परिचय र प्रकार ३४.४८ प्रतिशत, सम्बन्ध १०.३४ प्रतिशत, पहिचान र प्रयोग ३१.०३ प्रतिशत तथा वाक्य निर्माण र कारकीय भूमिका स्थापना २४.१३ प्रतिशत प्रयोग गरेको पाइन्छ । कक्षा ६ अनुसार कारक र विभक्ति व्याकरणको क्षेत्र नै कठिन रहेको देखिन्छ। कारक र विभक्तिसम्बन्धी उक्त विद्यार्थीहरूलाई सामान्य जानकारी मात्र आवश्यक देखिन्छ। कारक र विभक्तिको परिचय, प्रकार तथा सम्बन्ध स्पष्टपार्ने कार्यकलाप सञ्चालन गर्नु उचित भए तापनि कारक पहिचान र प्रयोग तथा वाक्य निर्माण र कारकीय भूमिका स्थापनाका कार्यकलाप स्तरअनुरूप नभएको देखिन्छ । कक्षा अवलोकन र प्रश्न प्रतिक्रियाका आधारमा यी कठिन कार्यकलाप सञ्चालन गर्न शिक्षक प्रयत्नशील भएपनि परिणाम अपेक्षाअनुसार नआउने देखिन्छ ।

**लेख्यचिन्ह शिक्षणका कार्यकलापहरू**

नेपाली व्याकरण शिक्षण गर्ने शिक्षकहरूले लेख्यचिन्ह शिक्षणका क्रममा अपनाइएका तथा अपनाउने कार्यकलापहरूको अवस्थालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

| कार्यकलापहरू | प्रयोग अवस्था |
|---|---|
| पाठमा निहित लेख्यचिन्हहरू पहिचान | २९.२२ % |
| लेख्य चिन्हहरूको प्रकारगत जानकारी | १८ % |
| श्रुतिलेखन र चिन्ह प्रयोग | १९.४५ % |
| सङ्कथन निर्माण र लेख्यचिन्हको समुचित प्रयोग | ३३.३३ % |

प्रस्तुत तालिका लेख्यचिन्ह शिक्षणमा कार्यकलाप प्रयोगसम्बन्धी तथ्यमा केन्द्रित छ । विशेष गरी कक्षा ६ को पाठ्क्रमले निर्देश गरेका कार्यकलापका क्षेत्र केन्द्रित परीक्षण गर्दा पाठमा निहित लेख्यचिन्हहरू पहिचान २९.२२ प्रतिशत, प्रकारगत जानकारी १८ प्रतिशत, श्रुतिलेखन र चिन्ह प्रयोग १९.४५ प्रतिशत र सङ्कथन निर्माण र लेख्यचिन्हको समुचित प्रयोग ३३.३३ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । उक्त कक्षामा व्याकरण शिक्षण गर्ने शिक्षकहरूले लेख्यचिन्ह शिक्षणका क्रममा भाषा संसर्ग विधि र भाषा पाठ्यपुस्तक विधिको समुचित प्रयोग गरेको पाइयो साथै यी विधि केन्द्रित उचित कार्यकलाप प्रयोग गर्ने कौशल रहेको देखियो । यद्यपि सङ्कथन निर्माण र लेख्य चिन्हको समुचित प्रयोगमा ३३.३३ प्रतिशत प्रतिक्रिया प्राप्त हुनुले यो कार्यकलापलाई अत्याधिक महत्व दिएको देखिन्छ। यो कार्यकलाप विद्यार्थीको शैक्षणिक तथा मनोवैज्ञानिक स्तरभन्दा कठिन रहेको देखिन्छ ।

**वर्णविन्यास शिक्षणका कार्यकलापहरू**

नेपाली व्याकरण शिक्षण गर्ने शिक्षकहरूले वर्णविन्यास शिक्षणका क्रममा अपनाइएका तथा अपनाउने कार्यकलापहरूको अवस्थालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

| कार्यकलापहरू | प्रयोग अवस्था |
|---|---|
| श्रुतिलेखन र शुद्धीकरण | ३५ % |
| अनुलेखन र शुद्धीकरण | २२.२१ % |

| | |
|---|---|
| त्रुटिक्षेत्र पहिचान र छलफल | १२ % |
| नियम र प्रयोग अभ्यास | ३०.७९ % |

प्रस्तुत तालिकाअनुसार कक्षा ६ मा वर्णविन्यास शिक्षणसम्बन्धी कार्यकलापको तथ्यलाई हेर्दा श्रुतिलेखन र शुद्धीकरणमा ३५ प्रतिशत, अनुलेखन र शुद्धीकरणमा २२.२१ प्रतिशत, त्रुटिक्षेत्र पहिचान र छलफलमा १२ प्रतिशत तथा नियम र प्रयोग अभ्यासमा ३०.७९ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । समग्र कार्यकलाप र प्रयोग अवस्थालाई हेर्दा शिक्षकहरूले वर्णविन्यास शिक्षणलाई विद्यार्थीको रूचि र आवश्यकताअनुसार आगमनात्मक विधिको प्रयोग गरिएको तथ्य प्राप्त भएको छ। वर्णविन्याससम्बन्धी पाठ्यक्रमले निर्देश गरेका कार्यकलापहरू र प्रयोग अवस्था उचित रहेको देखिन्छ। शिक्षकहरूमा वर्णविन्यास शिक्षणसम्बन्धी सक्षमता रहेको पनि तथ्यबाट प्रमाणित हुन्छ।

### शब्दभण्डार शिक्षणका कार्यकलापहरू

नेपाली व्याकरण शिक्षण गर्ने शिक्षकहरूले शब्दभण्डार शिक्षणका क्रममा अपनाइएका तथा अपनाउने कार्यकलापहरूको अवस्थालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

| कार्यकलापहरू | प्रयोग अवस्था |
|---|---|
| शब्दभण्डारको परिचय र स्रोत पहिचान | २२.१३ % |
| शब्दार्थ र वाक्यमा प्रयोग | २०.२६ % |
| अर्थसम्बन्ध पहिचान र प्रयोग | ३९.३४ % |
| प्रासङ्गिक व्याख्या | १८.२७ % |

प्रस्तुत तालिकामा शब्दभण्डार शिक्षणमा अपनाइएका कार्यकलापहरूको प्रयोग अवस्थासम्बन्धी तथ्यलाई दिइएको छ। उक्त तथ्यको कार्यकलाप केन्द्रित प्रयोग अवस्था हेर्दा शब्दभण्डारको परिचय र स्रोत पहिचानमा २२.१३ प्रतिशत, शब्दार्थ र वाक्यमा प्रयोगमा २०.२६ प्रतिशत, अर्थसम्बन्ध पहिचान र प्रयोग ३९.३४ प्रतिशत तथा प्रासङ्गिक व्याख्यामा १८.२७ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । यस तथ्यअनुसार अर्थसम्बन्ध पहिचान र प्रयोगलाई अत्याधिक प्रयोग गरिएको छ भने प्रासङ्गिक व्याख्यालाई सबैभन्दा कम प्रयोग गरिएको छ। कक्षा छमा शब्दभण्डार शिक्षणको कार्यकलापमा अर्थसम्बन्ध पहिचान र प्रयोग तथा शब्दार्थ र वाक्यमा प्रयोग उपयुक्त कार्यकलाप भए तापनि स्रोत पहिचान र प्रासङ्गिक व्याख्या स्तरअनुकूल नभएको देखिन्छ। शिक्षकहरूलाई यसप्रकारका कठिन कार्यकालापमार्फत विद्यार्थीहरूमा शब्दभण्डारको उचित धारणा बसाउन असहज भएको तथ्य प्राप्त भएको छ।

### पदसङ्गति शिक्षणका कार्यकलापहरू

नेपाली व्याकरण शिक्षण गर्ने शिक्षकहरूले पदसङ्गति शिक्षणका क्रममा अपनाइएका तथा अपनाउने कार्यकलापहरूको अवस्थालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

| कार्यकलापहरू | प्रयोग अवस्था |
|---|---|
| नियम र परिभाषा दिने | ३३.३३ % |
| पदसङ्गतिका क्षेत्र पहिचान र प्रयोग अभ्यास | १९.०४ % |
| व्याकरणिक कोटिअनुरूप वाक्य निर्माण अभ्यास | ३८.०९ % |
| अनुच्छेद लेखन र पदसङ्गतिगत अन्विति | ९.५२% |

प्रस्तुत तालिकामा कक्षा ६ मा व्याकरण शिक्षणअन्तर्गत पदसङ्गति शिक्षणमा अपनाइएका कार्यकलापहरूको परीक्षणबाट प्राप्त तथ्यगत प्रयोग अवस्थालाई दिइएको छ । कार्यकलापकेन्द्रित तथ्यगत प्रयोगअवस्थालाई हेर्दा नियम र परिभाषा दिनेमा ३३.३३ प्रतिशत, पदसङ्गति क्षेत्र पहिचान र प्रयोग अभ्यासमा १९.०४ प्रतिशत, व्याकरणिक कोटिअनुरूप वाक्य निर्माण अभ्यास ३८.०९ प्रतिशत तथा अनुच्छेद लेखन र अन्वितिमा ९.५२ प्रतिशत प्रतिक्रिया प्राप्त भएको छ । व्याकरणको आधारभूत अवधारणा शिक्षण गर्नुपर्ने कक्षा ६ का विद्यार्थीहरूलाई पदसङ्गतिगत प्रयोग अभ्यास स्वभाविक रूपमा कठिन देखिन्छ । त्यसमा पनि व्याकरणिक कोटिअनुरूप वाक्य निर्माणका लागि व्याकरणका विभिन्न क्षेत्रको पूर्व अवधारणा आवश्यक पर्दछ । व्याकरणिक कोटिअनुरूप वाक्य निर्माण र अनुच्छेद लेखनको तहका कार्यकलाप सञ्चालन गर्दा सामान्य अनुच्छेद र आधारभूत वाक्यको सहयोग लिनु जरूरी देखिन्छ ।

## वाक्य शिक्षणका कार्यकलापहरू

नेपाली व्याकरण शिक्षण गर्ने शिक्षकहरूले वाक्य शिक्षणका क्रममा अपनाइएका तथा अपनाउने कार्यकलापहरूको अवस्थालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

| कार्यकलापहरू | प्रयोग अवस्था |
|---|---|
| परिभाषा र उदाहरण | २८.५७ % |
| वाक्य पहिचान र वाक्य ढाँचा निर्माण | २०.६२ % |
| वाक्य परिवर्तन र प्रयोग अभ्यास | २७ % |
| वाक्य ढाँचा अनुरूप अनुच्छेद लेखन | २३.८१ % |

प्रस्तुत तालिकामा वाक्य शिक्षण गर्दा केकस्ता कार्यकलाप केकति मात्रामा अपनाइएका छन् ? भन्ने तथ्यगत जानकारी दिइएको छ । तालिकाअनुसार परिभाषा र उदाहरणमा २८.२५ प्रतिशत, वाक्य पहिचान र वाक्य ढाँचा निर्माणमा २०.६२ प्रतिशत, वाक्य परिवर्तन र प्रयोग अभ्यासमा २७ प्रतिशत तथा वाक्य ढाँचाअनुरूप अनुच्छेद लेखनमा २३.८१ प्रतिशत प्रयोग अवस्था रहेको प्रतिक्रिया प्राप्त भएको थियो । वाक्य भाषाको सबैभन्दा ठुला व्याकरणात्मक र अर्थयुक्त एकाइ भएको हुनाले सोहीअनुरूप कार्यकलापहरूको छनोट आवश्यक हुन्छ । वाक्यको परिभाषा र उदाहरण दिएर प्रकारगत पहिचान गरी ढाँचा निर्माणमा अभ्यस गराउने कार्यकलापलाई विशेष महत्व दिएको पाइन्छ । कक्षा ६ का विद्यार्थीहरूको स्तरअनुसार थप कार्यकलापमा आवृत्त गराउन भाषा पाठ्यपुस्तक विधिलाई समुचित प्रयोग गर्नु जरूरी देखिन्छ । अधारभूत वाक्यको तहबाट अनुच्छेद लेखन अभ्यास गराउनु बढी व्यावहारिक देखिन्छ ।

## निष्कर्ष

प्रस्तुत अध्ययनमा कक्षा ६ को नेपाली भाषा पाठ्यक्रमले निर्देश गरेका व्याकरणका क्षेत्रकेन्द्रित परीक्षणबाट प्राप्त प्रतिक्रियाको विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा काल र पक्ष, भाव र अर्थ, शब्दवर्ग, कारक र विभक्ति, लेख्यचिन्ह, वर्णविन्यास, शब्दभण्डार, पदसङ्गति तथा वाक्य जस्ता विशिष्ट क्षेत्रका कार्यकलापहरूको प्रयोग अवस्था परीक्षण गरिएको थियो । परीक्षणबाट प्राप्त तथ्यगत विश्लेषणको निष्कर्षलाई सारांशीकृत रूपमा प्रस्तुत गरिएको छ ।

व्याकरण शिक्षणका क्रममा काल र पक्ष शिक्षणमा परम्परागत निगमनात्मक पद्धतिअनुरूप क्रियाकलापहरू केन्द्रित रहेको तथ्यबाट प्रमाणित हुन्छ । यद्यपि व्याकरण शिक्षणका नवीन विधि र पद्धतिअनुरूप कार्यकलाप पनि अवलम्बन गर्ने गरिएको भने पाइन्छ । काल र पक्ष पहिचान, वाक्य परिवर्तन तथा स्वतन्त्र र निर्देशित रचना अभ्यासका कार्यकलाप सञ्चालनमा विशेष महत्व दिइएको छ । त्यसैगरी भाव शिक्षणमा परिचय र परिभाषा दिने कार्यकलापलाई बढी महत्व दिएको देखिन्छ । भावको प्रकारगत उदाहरण तथा भाव पहिचान र परिवर्तन गर्ने

कार्यकलापलाई भाषा पाठ्यपुस्तक विधिका आधारमा थप कार्यकलाप निर्धारण र अभ्यास गराउनु आवश्यक देखिन्छ । यद्यपि भाव शिक्षणका क्रममा उदाहरण प्रस्तुत गर्नु, भाव पहिचान र परिवर्तनका अभ्यास गराउनु उपयुक्त कार्यकलाप नै हुन् । शब्दवर्ग शिक्षणमा अपनाइएका कार्यकलापहरूको परीक्षणबाट शब्दवर्गका क्षेत्र वा प्रकारगत परिचयलाई बढी महत्व तथा अर्थ पहिचान र प्रयोगलाई कम महत्व दिएको पाइन्छ । शब्दवर्ग पहिचान र वर्गीकरण तथा व्युत्पत्ति प्रक्रिया र वर्ग निर्धारणलाई प्राथमिकताका साथ प्रयोग गरिएको पाइयो । व्युत्पत्ति प्रक्रिया र वर्ग निर्धारण तहको कार्यकलाप शब्दवर्ग शिक्षणमा २३ प्रतिशत अपनाउनुले शिक्षकहरूमा व्याकरणिक सुझ वृद्धि भएको प्रष्ट देखिन्छ ।

कक्षा ६ अनुसार कारक र विभक्ति व्याकरणको क्षेत्र नै कठिन रहेको देखिन्छ । कारक र विभक्तिसम्बन्धी विद्यार्थीहरूलाई सामान्य जानकारी मात्र आवश्यक देखिन्छ । कारक र विभक्तिको परिचय, प्रकार तथा सम्बन्ध स्पष्टपार्ने कार्यकलाप सञ्चालन गर्नु उचित भए तापनि कारक पहिचान र प्रयोग तथा वाक्य निर्माण र कारकीय भूमिका स्थापनाका कार्यकलाप स्तरअनुरूप नभएको देखिन्छ । कक्षा अवलोकन र प्रश्न प्रतिक्रियाका आधारमा यी कठिन कार्यकलाप सञ्चालन गर्न शिक्षक प्रयत्नशील भएपनि परिणाम अपेक्षाअनुसार नआउने देखिन्छ । उक्त कक्षामा व्याकरण शिक्षण गर्ने शिक्षकहरूले लेख्यचिन्ह शिक्षणका क्रममा भाषा संसर्ग विधि र भाषा पाठ्यपुस्तक विधिको समुचित प्रयोग गरेको पइयो साथै यी विधि केन्द्रित उचित कार्यकलाप प्रयोग गर्ने कौशल रहेको देखियो । यद्यपि सङ्कथन निर्माण र लेख्य चिन्हको समुचित प्रयोगमा ३३.३३ प्रतिशत प्रतिक्रिया प्राप्त हुनुले यो कार्यकलापलाई अत्याधिक महत्व दिएको देखिन्छ । यो कार्यकलाप विद्यार्थीको शैक्षणिक तथा मनोवैज्ञानिक स्तर भन्दा कठिन रहेको देखिन्छ ।

समग्र कार्यकलाप र प्रयोग अवस्थालाई हेर्दा शिक्षकहरूले वर्णविन्यास शिक्षणलाई विद्यार्थीको रूचि र आवश्यकताअनुसार आगमनात्मक विधिको प्रयोग गरिएको तथ्य प्राप्त भएको छ । वर्णविन्याससम्बन्धी पाठ्यक्रमले निर्देश गरेका कार्यकलापहरू र प्रयोग अवस्था उचित रहेको देखिन्छ । शिक्षकहरूमा वर्णविन्यास शिक्षणसम्बन्धी सक्षमता रहेको पनि तथ्यबाट प्रमाणित हुन्छ । त्यसैगरी कक्षा ६ मा शब्दभण्डार शिक्षणको कार्यकलापमा अर्थसम्बन्ध पहिचान र प्रयोग तथा शब्दार्थ र वाक्यमा प्रयोग उपयुक्त कार्यकलाप भए तापनि स्रोत पहिचान र प्रासङ्गिक व्याख्या स्तरअनुकूल नभएको देखिन्छ । शिक्षकहरूलाई यसप्रकारका कठिन कार्यकलापमार्फत विद्यार्थीहरूमा शब्दभण्डारको उचित धारणा बसाउन असहज भएको तथ्य प्राप्त भएको छ ।

व्याकरणको आधारभूत अवधारणा शिक्षण गर्नुपर्ने कक्षा ६ का विद्यार्थीहरूलाई पदसङ्गतिगत प्रयोग अभ्यास स्वभाविक रूपमा कठिन देखिन्छ । त्यसमा पनि व्याकरणिक कोटिअनुरूप वाक्य निर्माणका लागि व्याकरणका विभिन्न क्षेत्रको पूर्व अवधारणा आवश्यक पर्दछ । व्याकरणिक कोटिअनुरूप वाक्य निर्माण र अनुच्छेद लेखनको तहका कार्यकलाप सञ्चालन गर्दा सामान्य अनुच्छेद र आधारभूत वाक्यको सहयोग लिनु जरूरी देखिन्छ । वाक्य भाषाको सबैभन्दा ठुला व्याकरणात्मक र अर्थयुक्त एकाइ भएको हुनाले सोहीअनुरूप कार्यकलापहरूको छनोट आवश्यक हुन्छ । वाक्यको परि भाषा र उदाहरण दिएर प्रकरगत पहिचान गरी ढाँचा निर्माणमा अभ्यास गराउने कार्यकलापलाई विशेष महत्व दिएको पाइन्छ। कक्षा ६ का विद्यार्थीहरूको स्तरअनुसार थप कार्यकलापमा आवृत्त गराउन भाषा पाठ्यपुस्तक विधिलाई समुचित प्रयोग गर्नु जरूरी देखिन्छ । अधारभूत वाक्यको तहबाट अनुच्छेद लेखन अभ्यास गराउनु बढी व्यावहारिक देखिन्छ ।

(**श्री ईश्वर चौहान,** *त्रिभुवन विश्वविद्यालय, गोरखा क्याम्पस, गोरखामा नेपाली शिक्षा विभागमा प्राध्यापनरत हुनुहुन्छ । प्राज्ञिक लेखन र प्रकाशनमा विशेष रूची राख्ने चौहानका विभिन्न अनुसन्धानमूलक लेखहरू प्रकाशित छन् । )*

**सन्दर्भसामग्री**


अधिकारी, हेमाङ्गराज, (२०५८), *समसामयिक नेपाली व्याकरण,* काठमाडौं : कुञ्जन प्रकाशन ।

अधिकारी, हेमाङ्गराज, (२०६३), *भाषाशिक्षण : केही परिप्रेक्ष्य तथा पद्धति,* काठमाडौं :विद्यार्थी पुस्तक भण्डार ।

चौहान, ईश्वर, (२०६६), *सरकारी र बोर्डिङ स्कुलका तालिम प्राप्त र अप्राप्त शिक्षकहरूले कक्षा ६ मा व्याकरण शिक्षण गर्दा अपनाइएका कार्यकलापहरूको अध्ययन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग , त्रि. वि., कीर्तिपुर ।

पाठ्यक्रम विकास केन्द्र, (२०६४), *निम्नमाध्यमिक तहको पाठ्यक्रम,* नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय ।

शर्मा, केदारप्रसाद र माधव पौडेल, (२०६०), *नेपाली भाषा र साहित्य शिक्षण,* कीर्तिपुर : न्यु हिरा बुक्स ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल, (२०६४), *आधुनिक भाषाविज्ञान,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।